# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २४] काठमाडौं, माघ २२ गते २०३१ साल [अतिरिक्ताङ्क ४६


श्री ५ को सरकार

शिक्षा मन्त्रालयको

सूचना

भक्तपुर विकास समिति (गठन) आदेश, २०३१

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः–(१) यस आदेशको नाम "भक्तपुर विकास समिति (गठन) आदेश, २०३१" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस आदेशमा–

'परियोजना' भन्नाले श्री ५ को सरकारबाट स्वीकृत भक्तपुर विकास परियोजना सम्झनु पर्छ ।

३. समितिको गठनः– (१) भक्तपुर विकास समिति (यसपछि "समिति" भनिएको) नामको एक समिति गठन गरिएको छ ।

५८६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप–दफा (१) बमोजिमको समितिमा देहायको अध्यक्ष, र सदस्यहरू रहनेछन्:–

(क) माननीय शिक्षा मन्त्री– – –अध्यक्ष

(ख) प्रतिनिधि राजकीय सम्पत्ति कोष– – –सदस्य

(ग) चीफ इन्जिनीयर खाने पानी तथा ढल निकास विभाग– –सदस्य

(घ) चीफ इन्जिनीयर आवास, भवन तथा भौतिक परियोजना विभाग– –सदस्य

(ङ) निर्देशक, पुरातत्व विभाग– – –सदस्य

(च) प्रशासक, गुठी संस्थान– – –सदस्य

(छ) सभापति, भक्तपुर जिल्ला पन्चायत– – –सदस्य

(ज) प्रधान पन्च, भक्तपुर नगर पन्चायत– – –सदस्य

(झ) प्रबन्धक, भक्तपुर विकास परियोजना कार्यान्वयन कार्यालय –सदस्य–सचिव

(३) श्री ५ को सरकारले आवश्यक ठानेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिका सदस्यहरूको संख्यामा थपघट वा नाममा हेरफेर गर्न सक्नेछ ।

(४) भक्तपुर विकास परियोजना कार्यान्वयन कार्यालयका निर्माण दल (जर्मन पक्ष) र योजना दल (जर्मन पक्ष) का प्रमुखहरू सल्लाहकारको रूपमा समितिको बैठकमा उपस्थित रहन सक्नेछ ।

(५) समितिको आमन्त्रणमा श्री ५ को सरकारको कुनै अधिकृत, विशेषज्ञ, तथा नेपाल स्थित संघीय जर्मन गणतन्त्र दूतावासका प्रतिनिधि समितिको बैठकमा उपस्थित रहन सक्नेछ।

(६) उप–दफा (४) र (५) बमोजिम समितिको बैठकमा उपस्थित सल्लाहकार, अधिकृत, विशेषज्ञ र प्रतिनिधि छलफलमा भाग लिन सक्नेछ तर मतदान गर्न पाउने छैन ।

(७) अध्यक्ष र सदस्य–सचिवको अतिरिक्त चार जना सदस्यसम्म उपस्थित भए समितिको गणपूरक संख्या पूरा भएको मानिनेछ ।

(८) समितिमा उपस्थित सदस्यमध्ये बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णयात्मक मत दिन पाउनेछ ।

४. समितिको काम, कर्तव्य र अधिकार:– (१) भक्तपुर विकास परियोजना कार्यान्वित गर्नु समितिको कर्तव्य हुनेछ ।

(२) उप–दफा (१) बमोजिमको परियोजना कार्यान्वित गर्न समितिले निम्नलिखित कामहरू गर्नेछ:–

५८८ (क) श्री ५ को सरकार र संघीय जर्मन गणतन्त्र सरकारका बीच भक्तपुर विकास परियोजना सञ्चालन गर्न भएको सम्झौताबमोजिम काम गर्ने,

(ख) परियोजनाको नीति निर्धारण गर्ने र कार्यान्वयनमा रेखदेख पुऱ्याउने,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि लागू हुनेछ।

(ग) परियोजनासंग सम्बन्धित मन्त्रालय, विभाग तथा संस्थान आदिका बीच आवश्यक समन्वयन र सामाञ्जस्य कायम राख्ने ।

(घ) परियोजनामा आवश्यकतानुसार संशोधन वा थपघट गर्ने,

(ङ) परियोजनाको निमित्त आवश्यक भएमा चल वा अचल सम्पत्ति लेनदेन गर्ने,

(च) परियोजना कार्यान्वयनको लागि अन्य आवश्यक कार्यहरू गर्ने ।

५. समितिको कोष र आर्थिक कारोबारः– (१) समितिको कार्य सञ्चालनको लागि एउटा कोष हुनेछ जसमा देहायका रकमहरू रहनेछन्ः–

(क) श्री ५ को सरकारबाट प्राप्त रकम,

(ख) श्री ५ को सरकार र संघीय जर्मन गणतन्त्र सरकारका बीच परियोजना कार्यान्वयनको लागि भएको सम्झौताबमोजिम प्राप्त रकम,

(ग) अन्य श्रोतबाट प्राप्त रकम ।

(२) उप–दफा (१) बमोजिम प्राप्त हुने रकम सोझै भक्तपुर बिकास परियोजना कार्यान्वयन कार्यालयको खातामा जम्मा हुनेछ ।

(३) उप–दफा (१) बमोजिमका कोषको सञ्चालन समितिले बनाएको नियमबमोजिम हुनेछ र सो नियम बनी लागू नहुन्जेलसम्मका लागि श्री ५ को सरकारको आर्थिक नियम अनुसार कोषको सञ्चालन गरिनेछ ।

(४) समितिले बनाएको नियममा तोकिएबमोजिम समितिको आय–व्ययको लेखा राखिनेछ ।

६. लेखा परीक्षणः– (१) समितिको लेखा परीक्षण प्रचलित नेपाल कानूनबमोजिम हुनेछ ।

(२) श्री ५ को सरकारले चाहेमा जुनसुकै बखत पनि समितिको हिसाबकिताब जाच्न जचाउन सक्नेछ ।

७. अधिकार प्रत्यायोजनः– समितिले आफ्नो सबै वा केही अधिकार समितिको कुनै सदस्य, वा सदस्यहरूको उप–समिति वा सदस्य–सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

८. समितिको कार्य व्यवस्थाः– (१) सदस्य–सचिवले समितिको निर्देशानुसार समितिको तर्फबाट समितिको ठेक्का–पट्टासम्बन्धी सबै काम गर्नेछ र त्यसरी गरिएका ठेक्कापट्टा समितिले गरेको मानिनेछ ।

(२) सदस्य–सचिवले समितिको दैनिक कार्य सञ्चालन स्तरको सबै काम गर्नेछ र समितिको निर्णय वा आदेशहरू प्रमाणित गर्नेछ ।

(३) परियोजना कार्यान्वयनसम्बन्धी कार्य सञ्चालन स्तरको सबै काम समिति मातहतको भक्तपुर विकास परियोजना कार्यान्वयन कार्यालयबाट हुनेछ।

मात्र लागु हुनेछ।

९. <u>श्री ५ को सरकारसंग सम्पर्कः</u>– समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा शिक्षा मन्त्रालय, पुरातत्व विभागमार्फत सम्पर्क राख्नुपर्छ ।

१०. <u>नियमहरू बनाउन सक्नेः</u>– समितिले आफ्नो कार्य सञ्चालनको लागि आवश्यक नियमहरू बनाउन सक्नेछ र त्यसरी बनाइएका नियमहरूमा श्री ५ को सरकारको स्वीकृति लिनु–पर्नेछ ।

११. <u>समितिको कार्यालयः</u>– समितिको कार्यालय भक्तपुरमा रहनेछ ।

आज्ञाले–

कृष्णबहादुर मानन्धर

श्री ५ को सरकारको सचिव

५९०

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएको प्रतिमात्र लागु हुनेछ।